# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ३२४/२०८१-०८२** **प्रकाशन मितिः-२०८१।१०।०९**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। लिखित र शारीरिक तन्दुरुस्ती परीक्षणमा उत्तिर्ण भएका उम्मेदवार योग्यताक्रम अनुसार अन्तरवार्ताका लागि छनोट हुनेछन्। लिखित, शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तर्वार्ताको कुल योगका आधारमा छनोट भएका उम्मेदवारको योग्यताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. ..../२०८१-८२ | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा मिति र समय |
|---|---|---|---|---|---|
| १. | ३००१ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | खुला | ४७ | २०८१/१२/०९ गते विहान ८.०० बजे<br><br>(दोस्रो चरणमा हुने शारीरिक तन्दुरुस्ती परीक्षणको तालिका लिखित परीक्षाको नतिजा प्रकाशनसँगै गरिनेछ।) |
| २. | ३००२ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | महिला | १३ | |
| ३. | ३००३ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | आ.ज. | १० | |
| ४. | ३००४ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | दलित | ६ | |
| ५. | ३००५ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | विपन्न खस आर्य | ३ | |
| ६. | ३००६ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | अपाङ्ग | २ | |
| ७. | ३००७ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | थारु | १ | |
| ८. | ३००८ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | मुस्लिम | २ | |
| ९. | ३००९ | प्रदेश वन, जनरल फरेष्ट्री, वन रक्षक | मधेसी | २ | |

**परीक्षाको किसिमः-** लिखित (वस्तुगत वहुउत्तर OMR), शारीरिक तन्दुरुस्ती परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)।

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/१०/२९ सम्म र दोब्बर दस्तुर तिरी २०८१/११/०६ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१/१०/२९ सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. ४००/- र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको रु. १००/- बुझाउनुपर्नेछ।

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८१।११।०७ गते सम्म (सार्वजनिक विदा परेमा सार्वजनिक विदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र), समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित र तन्दुरुस्ती परीक्षाको एकमुष्ठ नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम

## आवश्यक न्यूनतम योग्यताः

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम **८ (आठ) कक्षा** उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको।

२. **शारीरिक परीक्षण**को लागि देहायको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

| सि.नं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५" २") | ५ फिट |
| २ | छाती | ३१-३३ इन्च (३१" — ३३") | ×—× |
| ३ | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४ | आँखा परीक्षण | +२ देखि - २ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५ | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

**माथि उल्लिखित शारीरिक परीक्षणको मापदण्ड पुग्ने उम्मेदवारले मात्र दरखास्त दिनुपर्नेछ।**

३. तन्दुरूस्ती परीक्षा

| सि.नं. | परीक्षाका इभेन्टहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | २०० मिटर दौड | २० |
| २ | ३००० मिटर दौड | २० |
| ३ | रुख चढ्ने | ५ |
| ४ | पौडी | ५ |

*माथि उल्लिखित इभेन्टहरू क्रमशः सञ्चालन गरिनेछ। अघिल्लो इभेन्टमा असफल हुने उम्मेदवार त्यसपछिको इभेन्टमा सहभागी हुन पाउने छैनन्।*

४. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

५. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

६. समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

७. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

८. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

९. सूचनामा उल्लिखित विषय वाहेक अन्य विषयहरु गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) आर्थिक रूपले विपन्न खस/आर्यको हकमा प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्वन्धित स्थानीय तहले **"कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस/आर्य समुदायको व्यक्ति"** भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

(ङ) थारूको हकमा थारू आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारू आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(च) मुस्लिमको हकमा मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(छ) मधेसीको हकमा मधेसी आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मधेसी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**द्रष्टव्य**

(क) प्रथम चरणको लिखित परीक्षामा न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार मात्र दोस्रो चरणको शारीरिक तन्दुरुस्ती परीक्षणमा सहभागी हुन पाउनेछन्।

(ख) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) उम्मेदवारले अनलाइन मार्फत फारम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अध्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल वा इमेल मार्फत् जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(च) तन्दुरुस्ती परीक्षाका सबै इभेन्टमा सफल भएका उम्मेदवारको लिखित परीक्षाको अङ्क र तन्दुरुस्ती परीक्षामा प्राप्त गरेको अङ्क जोडी योग्यताक्रम अनुसार नतिजा तयार गरी अन्तरवार्ताका लागि वर्णानुक्रम अनुसार उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

(छ) लिखित परीक्षा र तन्दुरुस्ती परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ज) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) सूचनामा उल्लिखित विषय वाहेक अन्य विषयहरु गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ञ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४५७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश